इजाजतपत्र नं.: ने. रा. बैंक/इ. प्रा./"घ"/७६/०७५/०७६
द.नं. १९४९३०/०७५/०७६

# युनिक नेपाल
## लघुवित्त वित्तीय संस्था लि.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्य क्षेत्र भएको)"

कोहलपुर नगरपालिका वडा नं. ११, बाँके
लुम्बिनी प्रदेश, नेपाल
फोन नं.: ०८१-५४०२१३
ईमेल: unique.lbsl@gmail.com
वेब: www.uniquenepalmicrofinance.com.np

Unique Nepal Laghubitta Bittiya Sanstha Ltd.

च.न.१०१६/२०८२/०८३

मितिः २०८२/९/२३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई शान्ति मार्ग, भद्रकाली, काठमाडौ ।

**विषय :** आर्थिक वर्ष २०८१/०८२ को लाभांश घोषणा नभएको जानकारी ।

महोदय,

यस लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८२/९/२२ गते मंगलबारका दिन साँझ ४:०० बजे बसेको १०८औं बैठकले तपसिलको निर्णय गरेको छ ।

"देशव्यापि रुपमा विगत चार वर्षदेखि निरन्तर लघुवित्त विरोधी गतिविधिका कारण ऋण नतिर्ने प्रवृत्ति बढ्दै गएको, यसले गर्दा ग्राहक सदस्यहरुमा सामूहिक जमानी दायित्वमा कमी आएको, देशमा अझै पनि, व्यावसायिक मन्दीका कारण ऋणी सदस्यहरुको व्यवसाय राम्ररी नचली आम्दानी संकुचन भएको कारण कर्जा असुलीमा गम्भिर समस्या परेको छ । युवा विदेश पलायन र व्यावसायिक मन्दीका कारण कर्जा लगानी बढ्न सकेको अवस्था छैन । यी दुवै कारणहरुले संस्थाको निष्क्रिय कर्जा वृद्धि भई आम्दानीको अधिकांश भाग अत्यधिक कर्जा नोक्सानी व्यवस्था गर्नु परेको छ । यसले गर्दा प्रत्यक्ष रुपमा मुनाफा घट्न गएको र नगद प्रवाहमा समेत नकारात्मक असर परेको छ । शेयरधनीज्यूहरुलाई नगद लाभांस वा शेयर बोनस वितरण गर्ने उत्कट चाहना हुँदा हुँदै पनि वर्तमान अवस्थाको गाम्भिर्यतालाई ध्यानमा राखी वित्तीय संस्थालाई अहिलेको संक्रमणकालमा जोगाई राख्न सक्नु नै उत्तम विकल्प हो भन्ने सहितको नेपाल राष्ट्र बैंकको सुझावलाई आत्मसाथ गरी आर्थिक वर्ष २०८१/०८२ को वित्तीय विवरणको आधार र अन्त्यमा कायम रहेको वितरण योग्य मुनाफा सञ्चितबाट नगद तथा शेयर लाभांश वितरण गर्न नसकिने निर्णय सर्वसम्मतिले गरियो ।"

यही व्यहोरा जानकारी गर्दछु । सहयोगकोलागि धन्यवाद ।

भवदीय

तुला राम चौधरी
कम्पनी सचिव

कम्पनी सचिव

वोधार्थ,

१. श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल ।
२. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर ।
३. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड ।